


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २६२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असोज २० गते मंगलबार ❑ 6 Oct. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## कांग्रेसको संशोधित विधान पारित, केन्द्रीय कार्यसमिति २९७ सदस्यीय

**रासस**
काठमाडौं, १९ असोज

नेपाली कांग्रेसको संशोधित विधान पारित भएको छ। पार्टीको १५औँ महाधिवेशनअन्तर्गत दोस्रो दिनसोमबार खुलामञ्चमा भएको बन्दसत्रले महामन्त्री प्रदीप पौडेलले पेस गर्नुभएको संशोधित विधान पारित गरेको हो।

पार्टी प्रवक्ता देवराज चालिसेका अनुसार संशोधित विधानमा केन्द्रीय कार्यसमिति २९७ सदस्यीय हुने व्यवस्था गरिएको छ । विधानअनुसार सभापति एक, वरिष्ठ उपसभापति एक र उपसभापति चार जना रहनेछन् । चार उपसभापतिमध्ये एक जना महिला अनिवार्य गरिएको छ । महामन्त्री तीन जना रहनेछन्, जसमा एक जना महिला अनिवार्य गरिएको छ । सहमहामन्त्री १५ जना रहनेछन् । कोषाध्यक्ष केन्द्रीय सदस्यमध्येबाट एक जना मनोनीत हुनेछन् । केन्द्रीय सदस्यमा खुलातर्फ ४५, महिलातर्फ १५ तथा प्रत्येक प्रदेशबाट एक महिलासहित चार जना रहनेछन् । काठमाडौं उपत्यकाबाट एक महिलासहित दुई जना रहने व्यवस्था गरिएको छ।

दलिततर्फ पाँच महिलासहित १४, आदिवासी जनजातितर्फ आठ महिलासहित २०, खस आर्यतर्फ आठ महिलासहित १८ र मधेसीतर्फ पाँच महिलासहित १३ जना रहनेछन् । जनसम्पर्क समितिबाट दुई महिलासहित सात तथा पिछडिएको वर्गबाट तीन जना रहनेछन्।

त्यस्तै, थारूतर्फ दुई महिलासहित छ, श्रमिकतर्फ एक महिलासहित तीन र पेसागत विज्ञतर्फ दुई महिलासहित सात जना रहनेछन् । सातै प्रदेशबाट ३५ वर्षमुनिका २१ जना युवा, अपाङ्गता भएका व्यक्तिबाट एक जना तथा प्रजातन्त्र सेनानीबाट तीन जना केन्द्रीय सदस्य रहनेछन्।

यसका अतिरिक्त केन्द्रीय कार्यसमितिले ६६ जना सदस्य मनोनीत गर्ने व्यवस्था छ।

सोमबार विधान पारित भए पनि सभापति, उपसभापति र कोषाध्यक्षको प्रतिवेदन भने मङ्गलबारको बन्दसत्रले पारित गर्नेछ । मङ्गलबार बिहान १० बजेदेखि उम्मेदवारको मनोनयन हुने भएकाले विधान सोमबार नै पारित गरिएको पार्टीले जनाएको छ।

## गण्डकी प्रदेश प्रमुख भट्ट समक्ष अख्तियारको प्रतिवेदन पेस

**पोखरापत्र संवाददाता**
पोखरा, १९ असोज

गण्डकीका प्रदेश प्रमुख डिल्लीराज भट्ट समक्ष अख्तियारदुरूपयोगअनुसन्धान आयोगको कार्यालय, पोखराले आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रतिवेदन पेस गरेको छ।

आयोगका पोखरा कार्यालय प्रमुख नारायण प्रसाद सापकोटाले सोमबार संविधानको धारा २९४ को उपधारा (३) को व्यवस्था बमोजिम प्रदेश प्रमुखसमक्ष ३६ औं वार्षिक प्रतिवेदन पेस गर्नुभयो।

प्रदेश प्रमुख भट्टले आर्थिक अनियमितता अन्त्य र भ्रष्टाचार नियन्त्रणको काम चुनौतीपूर्ण रहेको बताउनुहुँदै मुलुकमा सुशासन स्थापना गर्न, लोकतान्त्रिक व्यवस्थालाई बलियो बनाउन र प्रणाली बसाउन अख्तियार क्रियाशील रहेकोमा खुशी व्यक्त गर्नुभयो।

मुलुकको विकासको वाधक नै भ्रष्टाचार भएकाले यसलाई निर्मूल पार्न सामान्य व्यक्तिदेखि राज्यको उपल्लो ओहदामा बसेका पदाधिकार ीसम्मले नैतिक आचरण सुधार गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । राज्य संयन्त्रको तल्लो तहदेखि उपल्लो तहसम्मका कर्मचारी तथा जिम्मेवार व्यक्तिहरूको नैतिक आचरण शुद्ध र कामप्रति जवाफदेहिता हुनुपर्नेमा उहाँले जोड दिनुभयो। आयोग पोखरा



कार्यालय प्रमुख सापकोटाले आयोगले नेपालको संविधानले व्यवस्था गरे बमोजिम सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा प्राप्त उजुरीको प्रारम्भिक छानविन एवं विस्तृत अनुसन्धान गर्ने, भ्रष्टाचार देखिएका उजुरीउपर विशेष अदालतमा आरोपपत्र दायर गर्ने तथा विशेष अदालतबाट भएको फैसला उपर चित्त नबुझेमा सर्वोच्च अदालतमा पुनरावेदन गर्ने कार्य सम्पादन भइरहेको जानकारी गराउनुभयो।

आयोगको संवैधानिक दायित्वलाई थप प्रभावकारिताका साथ निर्वाह गर्नका लागि आयोगले रणनीतिक योजना तर्जुमा गरी भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनका लागि विभिन्न उपचारात्मक, निरोधात्मक, प्रवर्द्धनात्मक र संस्थागत सुदृढीकरणका रणनीति, कार्यनीति र क्रियाकलापहरु तय गरेको जानकारी दिनुभयो। आयोगलाई थप जिम्मेवारीको रुपमा प्राप्त भएको सम्पति शुद्धीकरण कसुरको अनुसन्धान र अभियोजनको कार्यलाई समेत आयोगले प्राथमिकताका साथ अगाडि बढाइरहेको सापकोटाले बताउनुभयो।

आर्थिक वर्ष २०८२/८३ मा आयोगको पोखरा कार्यालयमा दर्ता भएका उजुरी १ हजार १ सय ५० वटा र अघिल्लो वर्षबाट जिम्मेवारी सरेर आएका १ सय ८७ वटा गरी कूल १ हजार ३ सय ३७ मध्ये १ हजार १ सय ६० उजुरी स्क्रिनिङ भई १ सय ७७ उजुरी फछ्र्यौट हुन बाँकी रहेको सापकोटाले बताउनुभयो । विस्तृत अनुसन्धानतर्फ १ सय ११ उजुरीहरु अनुसन्धानमा रहेका छन् । गण्डकी प्रदेशको कार्यक्षेत्रभित्र रहेका १० जिल्लाका स्थानीय तहहरूमध्ये सबैभन्दा बढी उजुरी कास्की जिल्लाको पोखरा महानगरपालिका सम्बद्ध रहेको आयोगले जनाएको छ।

## बजार नपाउँदा मुस्ताङका स्याउ किसान मर्कामा

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १९ असोज

बेनी-जोमसोम सडक अवरुद्ध हुँदा मुस्ताङका स्याउ किसान मर्कामा परेका छन्। बाढी, पहिरो र नदी कटानका कारण एक सातादेखि सडक अवरुद्ध हुँदा स्याउ बोटमा कुहिन थालेका छन्।

मुस्ताङका पाँचवटै स्थानीय तहमा स्याउ टिप्ने तथा बजार पठाउने काम चलिरहे पनि सडक अवरुद्ध भएपछि बोटमै पाकेका स्याउ झर्न र कुहिन थालेका पीडित किसानको गुनासो छ । हाल ८० प्रतिशतभन्दा बढी स्याउ बजार पठाउन बाँकी छ । सडक अवरुद्धका कारण स्याउ ढुवानीमा समस्या भएपछि सोमबार पाँचवटै स्थानीय तहका किसान तथा व्यापारीको समूहले जिल्ला प्रशासन कार्यालय पुगेर सडक तत्काल सञ्चालनमा ल्याउन माग गरेको छ । तीन दर्जन किसान तथा व्यापारीले प्रमुख जिल्ला अधिकारी अजिता शर्मासमक्ष सडक अवरोधका कारण स्याउ ढुवानीमा परेको समस्या र किसानले व्यहोर्नुपर्ने क्षतिबारे जानकारी गराएका हुन्।

थासाङ गाउँपालिका-१ टुकुचेस्थित आईपीएम एप्पल फार्मका सञ्चालक नीरज तुलाचनले दसैँअघि स्याउ बिक्री हुने मुख्य समयमा सडक बन्द हुँदा किसानको वर्षभरिको मेहनत खेर जाने अवस्था आएको बताउनुभयो। "स्याउ टिपौँ, बाटो छैन, नटिपौँ बजार लैजाने बाटो छैन," उहाँले भन्नुभयो, "यस्तो अवस्थामा स्याउको व्यवस्थापन कसरी गर्ने भन्ने चिन्ता बढेको छ। सडक चाँडै खुलिदिएको भए केही राहत हुन्थ्यो ।" वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-४ तिरीका किसान कान्छा गुरुङले मुस्ताङको ८० प्रतिशतभन्दा बढी स्याउ बजार पठाउन बाँकी रहेको बताउनुभयो । तीजअघि केही स्याउ बजार पठाइए पनि ठूलो परिमाणमा स्याउ अझै बगैँचामै रहेको उहाँले बताउनुभयो । सडक खुलेपछि एकैपटक ठूलो परिमाणमा स्याउ बजार पुग्दा मूल्य घट्न सक्ने जोखिमसमेत रहेको उहाँको भनाइ छ।

घरपझोङ गाउँपालिका-५ ढुम्बाका किसान योन्तेन गुरुङले बेनी-जोमसोम सडक तत्काल सञ्चालनमा ल्याउन आयोजनाले तीव्र गतिमा काम गर्नुपर्ने बताउनुभयो। सडक अवरुद्ध हुँदा मुस्ताङको पर्यटनसँगै कृषि क्षेत्रसमेत प्रभावित भएको उल्लेख गर्दै उहाँले स्याउ किसानलाई थप क्षति हुन नदिन राज्यका सबै संयन्त्र परिचालन गरी सडक खुलाउनुपर्ने माग गर्नुभयो। विद्युत् प्रसारणसम्बन्धी समस्या र सडक अवरोधका कारण टिपेर राखिएका पाँच ट्रक स्याउ बजार पठाउन नसकिएको उहाँले बताउनुभयो । लामो समयसम्म राख्दा ती स्याउ कुहिएर नोक्सान हुने जोखिम रहेको उहाँको भनाइ छ। वारागुङ मुक्तिक्षेत्र-४ तिरीका किसान नर्वु गुरुङले सडक सञ्चालन नहुँदा परम्परागत जातका स्याउ बोटमै पाकेर झर्न थालेको बताउनुभयो। बगैँचाबाट झरेका स्याउको तस्बिर प्रमुख जिल्ला अधिकारी शर्मालाई देखाउँदै उहाँले किसानको पीडा बुझिदिन आग्रह गर्नुभयो।

किसानका गुनासा सुनेपछि प्रमुख जिल्ला अधिकारी शर्माले प्राकृतिक विपत्तिका कारण भएको क्षति तत्काल रोक्न नसकिने भए पनि सडक सञ्चालनका लागि सम्बन्धित निकायसँग निरन्तर समन्वय भइरहेको बताउनुभयो । सडक सञ्चालनका लागि आवश्यक उपकरण र जनशक्ति परिचालन गरिएको जानकारी दिँदै उहाँले चाँडै सडक खुल्ने बताउनुभयो । बेनी-जोमसोम-कोरला सडक आयोजना प्रमुख तेजस्वी शर्माले म्याग्दी खण्डमा अपेक्षाभन्दा बढी क्षति भएकाले सडक सञ्चालनमा केही ढिलाइ भएको बताउनुभयो । मालढुङ्गादेखि कोरलासम्म अधिकांश स्थानमा सडक मर्मत भइसकेको र म्याग्दीको सिरुबारी, बैसरी, पनौटो तथा पोखरेबगरमा पुलका पहुँचमार्ग मर्मतको काम बाँकी रहेको उहाँले जानकारी दिनुभयो । म्याग्दी खण्डमा १३ किलोमिटर सडक मर्मत तीव्र गतिमा भइरहेको छ । बाँकी काम पूरा गर्न एक साता लाग्ने आयोजना प्रमुख शर्माले बताउनुभयो।

## सीप सिकाउँदै, उद्यमी बनाइँदै

**पोखरापत्र संवाददाता**
दमौली, १९ असोज

एकीकृत सेवा कार्यालय तनहुँले स्थानीय नागरिकलाई सीपमूलक तालिम प्रदान गर्दै रोजगारी तथा उद्यमशीलता प्रवर्द्धनमा जोड दिएको छ।

कार्यालयले विभिन्न समूहका नागरिकलाई लक्षित गरी अचार बनाउने, कफी बनाउने तथा ढाका बुनाइसम्बन्धी सीपमूलक तालिम सञ्चालन गरेको हो।

जिल्लास्थित एकीकृत सेवा कार्यालयका सहायक प्रशासकीय अधिकृत सूर्यबहादुर थापाले सीप विकासका कार्यक्रममार्फत स्थानीयस्तरमा रोजगारी सिर्जना गर्ने र नागरिकलाई स्वरोजगार बन्न सहयोग पुऱ्याउने उद्देश्यले तालिम सञ्चालन गरिएको बताउनुभयो। उहाँका अनुसार कार्यालयले विभिन्न सीपमूलक कार्यक्रमका लागि रु १५ लाख खर्च गरेको छ । विशेषगरी महिला तथा युवालाई सीप सिकाएर आयआर्जनमा जोड्ने प्रयास गरिएको उहाँको भनाइ छ । आँबुखैरेनी गाउँपालिका-४ का ३० महिलालाई अचार बनाउने तालिम प्रदान गरिएको छ । स्थानीयस्तरमा उत्पादन हुने कृषि उपजलाई प्रशोधन गरी आयआर्जनको माध्यम बनाउन सकिने भएकाले अचार बनाउने सीप प्रदान गरिएको थापाले बताउनुभयो।

तालिममा विभिन्न प्रकारका अचार बनाउने तरिका, आवश्यक कच्चा पदार्थको छनोट, सरसफाइ, उत्पादन विधि, भण्डारण तथा बजारीकरणलगायत विषयमा सहभागीलाई सीप प्रदान गरिएको थियो । स्थानीयस्तरमा उत्पादन हुने तरकारी, फलफूल तथा अन्य कृषि उपजलाई प्रशोधन गरेर लामो समयसम्म उपयोग गर्न सकिने उत्पादनमा परिणत गर्न सके कृषक तथा महिलाले थप आम्दानी गर्न सक्ने भएकाले अचार बनाउने तालिमलाई उपयोगी मानिएको छ।

तालिमपछि सहभागी महिलालाई घरमै सानो लगानीबाट अचार उत्पादन सुरु गरी स्वरोजगार बन्न सक्ने आधार तयार भएको प्रशासकीय अधिकृत थापाले उल्लेख गर्नुभयो । कार्यालयले शुक्लागण्डकी नगरपालिका-११ का २५ जनालाई १५ दिने बरिस्ता तालिमसमेत प्रदान गरेको छ। कफी तथा पेय पदार्थ बनाउने क्षेत्रमा रोजगारीको सम्भावना बढ्दै गएकाले युवालाई लक्षित गरी बरिस्ता तालिम सञ्चालन गरिएको हो।

तालिममा कफी बनाउने आधारभूत सीप, विभिन्न प्रकारका कफी तयार गर्ने तरिका, उपकरण सञ्चालन, सरसफाइ तथा ग्राहक सेवासम्बन्धी व्यावहारिक ज्ञान प्रदान गरिएको कार्यालयले जनाएको छ। तालिमबाट होटल, रेस्टुरेन्ट तथा कफी पसलमा रोजगारीका लागि आवश्यक आधारभूत सीप प्राप्त गर्नुका साथै आफ्नै व्यवसाय सञ्चालन गर्नसमेत सहयोग पुग्ने अपेक्षा गरिएको छ। परम्परागत सीप तथा घरेलु उद्योगको प्रवर्द्धन गर्ने उद्देश्यले कार्यालयले दुई पटक गरी २१ जनालाई दुई महिने आधारभूत ढाका बुनाइ तालिम प्रदान गरेको छ। ढाका कपडाको उत्पादन तथा बजारीकरणलाई आयआर्जनसँग जोड्ने उद्देश्यले सञ्चालन गरिएको तालिममा सहभागीलाई ढाका बुनाइको

सीप सिकाउँदै, उद्यमी बनाइँदै

एकीकृत सेवा कार्यालय तनहुँले स्थानीय नागरिकलाई सीपमूलक तालिम प्रदान गर्दै रोजगारी तथा उद्यमशीलता प्रवर्द्धनमा जोड दिएको छ। कार्यालयले विभिन्न समूहका नागरिकलाई लक्षित गरी अचार बनाउने, कफी बनाउने तथा ढाका बुनाइसम्बन्धी सीपमूलक तालिम सञ्चालन गरेको हो।

जिल्लास्थित एकीकृत सेवा कार्यालयका सहायक प्रशासकीय अधिकृत सूर्यबहादुर थापाले सीप विकासका कार्यक्रममार्फत स्थानीयस्तरमा रोजगारी सिर्जना गर्ने र नागरिकलाई स्वरोजगार बन्न सहयोग पुऱ्याउने उद्देश्यले तालिम सञ्चालन गरिएको बताउनुभयो। उहाँका अनुसार कार्यालयले विभिन्न सीपमूलक कार्यक्रमका लागि रु १५ लाख खर्च गरेको छ । विशेषगरी महिला तथा युवालाई सीप सिकाएर आयआर्जनमा जोड्ने प्रयास गरिएको उहाँको भनाइ छ। आँबुखैरेनी गाउँपालिका-४ का ३० महिलालाई अचार बनाउने तालिम प्रदान



# मौसम खुलेपछि एबिसीमा पर्यटक भरिभराउ

पोखरापत्र संवाददाता
पोखरा, १९ असोज



विश्वप्रसिद्ध अन्नपूर्ण आधार शिविर (एबिसी) पदयात्रामा जाने पर्यटकको सङ्ख्या पछिल्लो केही दिनयता उल्लेख्य रूपमा बढेको छ । यस पदयात्रामार्गको विभिन्न स्थानमा बाढीपहिरोका कारण अवरुद्ध सडक सञ्चालनमा ल्याइएसँगै पदयात्रामा जाने विदेशी पर्यटक बढेका हुन् ।

निरन्तरको वर्षा रोकिएर मौसममा सुधार आउनु तथा मनाङ र मनास्लु क्षेत्रका पदयात्रा मार्ग प्रभावित भएपछि पर्यटकको गन्तव्य एबिसीतर्फ मोडिएपछि अन्नपूर्ण क्षेत्रमा पर्यटकको चाप बढेको पर्यटन व्यवसायीको भनाइ छ । छोम्रोङ पर्यटन व्यवस्थापन समितिका सचिव दिलीप गुरुङका अनुसार अहिले दैनिक ३०० हाराहारीमा पर्यटक अन्नपूर्ण आधार शिविर पुगिरहेका छन् । एबिसीमा पर्यटकलाई राख्न सकिने ६ वटा होटल तथा लज रहेका छन् । यहाँका होटलमा ३५० सम्म पर्यटक राख्न सक्ने क्षमता छ । "स्वदेशी पर्यटक छैनन् तर विदेशी तथा सार्क राष्ट्रका पर्यटकको आगमन बढेको छ । अहिले यहाँ आउने सबै सडकहरू पनि खुलेका कारणले पदयात्रा सहज भएको छ," गुरुङले भन्नुभयो । यसअघि वर्षा र बाढीपहिरोका कारण अन्नपूर्ण क्षेत्रका विभिन्न स्थानमा सडक तथा पदयात्रा मार्ग प्रभावित हुँदा पर्यटन क्षेत्र नराम्रोसँग प्रभावित बनेको थियो । अन्नपूर्णको बिरेठाँटी र स्याउली बजारमा मोदी खोलाको कटानले लामो समय सडक अवरुद्ध भएको थियो । गाउँपालिकाले झन्डै डेढ महिना लगाएर असोज पहिलो साता सडक खुलाएको हो ।

मनाङ र मनास्लु क्षेत्रतर्फ जाने कतिपय सडक तथा पदयात्रा मार्ग पहिरोका कारण अवरुद्ध भएपछि त्यस क्षेत्रमा जाने तयारीमा रहेका पर्यटकले वैकल्पिक गन्तव्यका रूपमा एबिसी रोज्न थालेको सचिव गुरुङले बताउनुभयो । "मनाङ, मनास्लु र अन्नपूर्ण क्षेत्रमध्ये अन्नपूर्ण आधार शिविरतर्फको बाटो तुलनात्मक रूपमा सहज छ । त्यसकारण पनि साउथ एसियन मुलुकका पर्यटकको पर्यटकको रोजाइ एबिसीमा बढेको हो । नेपाली पर्यटन दसैं सुरु भएपछि आउने अपेक्षामा छौं," छोम्राङ पर्यटन व्यवस्थापन समितिका सचिव गुरुङले भन्नुभयो ।

अन्नपूर्ण क्षेत्रका विभिन्न स्थानमा बाढीपहिरोका कारण अवरुद्ध सडक सञ्चालनमा आएपछि पोखराबाट पदयात्राको सुरुआती बिन्दुसम्म पुग्न पनि सहज भएको छ । सडक यातायात सहज हुनु र पदयात्रा मार्गमा समेत अवस्था सामान्य बन्दै जानुले पर्यटकको आवागमन बढाएको हो । अन्नपूर्ण-११ का वडाध्यक्ष हिमबहादुर गुरुङले पोखरादेखी-घान्द्रुक-एबिसीसम्मको सबै सडक अहिले खुला रहेको बताउनुभयो । उहाँले कतिपय स्थानमा अस्थायी प्रबन्ध गरेर भए पनि पदमार्ग खुला गरिएको बताउनुभयो । "बिरेठाँटी र स्याउली बजार खुल्यो । घान्द्रुकबाट माथि पनि अब समस्या छैन । अब एबिसी ट्रेक आउने स्थायी र अस्थायी सबै सडक खुलेको । नयाँपुल, घान्द्रुक, छोमरुङ सबै ठाउँबाट आउन सकिन्छ," वडाध्यक्ष गुरुङले भन्नुभयो ।

यसैगरी, दुई महिनाअघि किम्रुङखोलाले पक्की झोलुङ्गे पुल बगाएर अवरुद्ध बनेको पदमार्ग किम्रुङ खोलामाथि काठे फड्के निर्माण गरी पदमार्ग सञ्चालनमा ल्याइएको छ । अन्नपूर्ण आधार शिविर समुद्री सतहबाट करिब चार हजार १३० मिटरको उचाइमा रहेको छ । हिमालको काखमै पुगेर अन्नपूर्ण हिमशृङ्खला तथा माछापुच्छ्रे हिमालको मनोरम दृश्यावलोकन गर्न पाइने भएकाले एबिसी पदयात्रा विश्वका चर्चित पदयात्रा गन्तव्यमा मानिन्छ । विशेषगरी हिमालको नजिकबाट सूर्योदय तथा हिमशृङ्लाको दृश्यावलोकन, स्थानीय संस्कृति र जीवनशैलीको अनुभव गर्न सकिने भएकाले एबिसी पदयात्रा स्वदेशी तथा विदेशी पर्यटकको रोजाइमा पर्ने गरेको छ । एबिसी पदयात्राका क्रममा पर्यटकले गुरुङ समुदायको संस्कृति, स्थानीय जीवनशैली, हिमाली गाउँबस्ती, हरियाली वन, झरना, खोलानाला र हिमाली भू-दृश्यको अवलोकन गर्न पाउँछन् ।

माछापुच्छ्रे आधार शिविर हुँदै अन्नपूर्ण आधार शिविर पुग्ने पदमार्ग यस क्षेत्रको प्रमुख आकर्षण हो । पदयात्राका क्रममा माछापुच्छ्रे, अन्नपूर्ण साउथ, अन्नपूर्ण प्रथम लगायतका हिमालहरू नजिकबाट अवलोकन गर्न सकिन्छ । अन्नपूर्ण पदमार्गमा स्वदेशी तथा विदेशी पर्यटक आगमन बढेसँगै गाउँपालिकाले पर्यटकको स्वास्थ्यलाई ध्यानमा राखेर हालै प्राथमिक उपचार केन्द्र पनि सञ्चालनमा ल्याएको छ ।

माछापुच्छ्रे बेस क्याम्पमा प्राथमिक उपचार केन्द्र स्थापना गरी सञ्चालनमा ल्याएको हो । केन्द्रबाट एबिसी तथा माछापुच्छ्रे बेस क्याम्प क्षेत्रमा पुग्ने पर्यटक तथा स्थानीयवासीलाई सामान्य स्वास्थ्य समस्या तथा आकस्मिक अवस्थामा स्वास्थ्यकर्मीबाट तत्काल प्राथमिक उपचार सेवा उपलब्ध गराउन सहज हुनेछ ।

एबिसी पदयात्रामा आउने पर्यटकहरू बिरामी पर्ने तथा हाई अल्टिच्युड (उच्च उचाइ)का कारणले लेक लागेर ज्यान पनि जाने गरेको थियो ।

# माटोको ढिस्कामा पुरिएका दुईको मृत्यु, एकजनाको उद्धार

पोखरापत्र संवाददाता
बागलुङ, १९ असोज

निसीखोला गाउँपालिका-३ बोहरागाउँमा सडक निर्माणका क्रममा अचानक माटोको ढिस्को खस्दा पुरिएका तीन मजदुरमध्ये दुई जनाको मृत्यु भएको छ भने अर्का पुरिएका एक मजदुरको घाइते अवस्थामा उद्धार गरिएको छ ।

सोमबार बिहान करिब ७:३० बजेको समयमा काप्रा-बोहरागाउँ-छापाखानी प्यूठान सडकखण्ड निर्माणका क्रममा काम गरिरहेका सल्यानका २८ वर्षीय लालबहादुर बुढाथोकी र उदयपुर गाईघाटका ३२ वर्षीय राजु थापाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक फडिन्द्र प्रसाईंले जानकारी दिनुभयो । पुरिएकामध्ये दुई जनाको उद्धार गर्ने क्रममा घटनास्थलमा नै मृत्यु भएको छ भने रोल्पाका कृष्ण घर्ती मगरलाई गम्भीर घाइते अवस्थामा उद्धार गरी अस्पताल पुऱ्याइएको छ ।

घाइतेको उपचारका लागि प्रादेशिक अस्पताल बुर्तिबाङ लगिएको निसीखोला गाउँपालिका-३ का वडाअध्यक्ष रमेशविक्रम शाहीले जानकारी दिनुभयो ।

चालक भद्र मल्लले चलाएको लु१क ३४४६ नम्बरको जेसिबीले बाटो स्तरोन्नति गर्ने क्रममा अचानक माटोको ढिस्को खस्दा काम गरिरहेका मजदुर पुरिएका थिए ।

# विशाल बजार भित्र उत्कृष्ट टिकटक बनाउने ३ जनाले जनही १० हजार पाउने

पोखरापत्र संवाददाता
पोखरा, १९ असोज

नेपालीहरूको महानपर्व विजयादशमी तथा दिपावलीको अवसरमा पोखराको बुद्ध बिशाल बजारमा ग्राहकलाई बिषेश छुट दिइने भएको छ ।

बुद्ध विशाल बजार ब्यापारिक एशोसियसनका पुर्व अध्यक्ष तथा मानार्थ सदस्य केशवबहादुर खत्रीका अनुसार ग्राहक बर्गलाई उपहार भन्दा नि गुणस्तरीय सामान बेच्ने उध्यश्यका साथ सबै ग्राहकलाई बुद्ध विशाल बजारमा हरेक सामान खरिदमा ५ देखी २५ प्रतिशत सम्म छुटको ब्यवस्था गरीएको बताए । "उपहार पहिले पहिले नगद ५ देखी २५ प्रतिशत सम्म छुट अहिले" भन्ने नाराका साथ वुद्ध विशाल बजारका हरेक पसलहरूमा यो छुटको ब्यवस्था मिलाइनुको साथै बुद्ध बिशाल बजार भित्र सामान खरिद गर्ने ग्राहकहरुलाई निःशुल्क पार्किङको व्यवस्था गरिएको एशोसियसनका अध्यक्ष बुद्धी बहादुर कुँवरले बताए । एसोसिएसनका उपाध्यक्ष मनोहरी पौडेलले बुद्ध विशाल बजार भित्र उत्कृष्ट टिकटक बनाउने टिकटकरलाई पुरस्कार दिने व्यवस्था मिलाइएको बताए । पौडेलले प्रतियोगितामा सहभागी हुन इच्छुकले बुद्ध विशाल बजार एरिया भित्र मौलिक तथा सिर्जनात्मक भिडियो तयार गरी फेसबुक, टिकटक, इन्स्टाग्राम लगायतका डिजिटल प्लेटफर्ममा पोस्ट गर्नुपर्ने र उक्त टिकटक बुद्ध विशाल बजार व्यापारिक एशोसियसनको फेसवुक पेजमा पठाउनुपर्ने बताए ।

## बजार ...

गरिएको छ । स्थानीयस्तरमा उत्पादन हुने कृषि उपजलाई प्रशोधन गरी आयआर्जनको माध्यम बनाउन सकिने भएकाले अचार बनाउने सीप प्रदान गरिएको थापाले बताउनुभयो । तालिममा विभिन्न प्रकारका अचार बनाउने तरिका, आवश्यक कच्चा पदार्थको छनोट, सरसफाइ, उत्पादन विधि, भण्डारण तथा बजारीकरणलगायत विषयमा सहभागीलाई सीप प्रदान गरिएको थियो ।

स्थानीयस्तरमा उत्पादन हुने तरकारी, फलफूल तथा अन्य कृषि उपजलाई प्रशोधन गरेर लामो समयसम्म उपयोग गर्न सकिने उत्पादनमा परिणत गर्न सके कृषक तथा महिलाले थप आम्दानी गर्न सक्ने भएकाले अचार बनाउने तालिमलाई उपयोगी मानिएको छ । तालिमपछि सहभागी महिलालाई घरमै सानो लगानीबाट अचार उत्पादन सुरु गरी स्वरोजगार बन्न सक्ने आधार तयार भएको प्रशासकीय अधिकृत थापाले उल्लेख गर्नुभयो । कार्यालयले शुक्लागण्डकी नगरपालिका-११ का २५ जनालाई १५ दिने बरिस्ता तालिमसमेत प्रदान गरेको छ । कफी तथा पेय पदार्थ बनाउने क्षेत्रमा रोजगारीको सम्भावना बढ्दै गएकाले युवालाई लक्षित गरी बरिस्ता तालिम सञ्चालन गरिएको हो ।

तालिममा कफी बनाउने आधारभूत सीप, विभिन्न प्रकारका कफी तयार गर्ने तरिका, उपकरण सञ्चालन, सरसफाइ तथा ग्राहक सेवासम्बन्धी व्यावहारिक ज्ञान प्रदान गरिएको कार्यालयले जनाएको छ । तालिमबाट होटल, रेस्टुरेन्ट तथा कफी पसलमा रोजगारीका लागि आवश्यक आधारभूत सीप प्राप्त गर्नुका साथै आफ्नै व्यवसाय सञ्चालन गर्नसमेत सहयोग पुग्ने अपेक्षा गरिएको छ । परम्परागत सीप तथा घरेलु उद्योगको प्रवर्द्धन गर्ने उद्देश्यले कार्यालयले दुई पटक गरी २१ जनालाई दुई महिने आधारभूत ढाका बुनाइ तालिम प्रदान गरेको छ । ढाका कपडाको उत्पादन तथा बजारीकरणलाई आयआर्जनसँग जोड्ने उद्देश्यले सञ्चालन गरिएको तालिममा सहभागीलाई ढाका बुनाइको आधारभूत सीप सिकाइएको हो । सीपसँगै प्रविधि हस्तान्तरण कार्यालयले तालिम सञ्चालनसँगै सञ्चालनमा रहेका उद्योगको प्रवर्द्धनका लागि उद्यमीलाई साझेदारीमा प्रविधि हस्तान्तरण कार्यक्रम अघि बढाएको छ । कार्यक्रमअन्तर्गत १२ महिला र तीन पुरुष उद्यमीलाई आवश्यक प्रविधि तथा उपकरण सहयोग गरिएको प्रशासकीय अधिकृत थापाले जानकारी दिनुभयो ।

सञ्चालित उद्योगलाई थप व्यवस्थित र उत्पादनमुखी बनाउन आवश्यक प्रविधि तथा उपकरण उपलब्ध गराउँदा उत्पादन क्षमता वृद्धि हुने, लागत घट्ने तथा बजारमा प्रतिस्पर्धा गर्न सहज हुने कार्यालयको अपेक्षा छ । स्थानीयस्तरमा उपलब्ध स्रोतसाधन र जनशक्तिलाई परिचालन गरी साना तथा घरेलु उद्योग स्थापना गर्न सके रोजगारीका लागि बाहिर जानुपर्ने बाध्यता कम गर्न सकिने विश्वास गरिएको छ । "सीप सिकाएर मात्र पुग्दैन, सिकेको सीपलाई उत्पादन र आम्दानीसँग जोड्न आवश्यक छ", उहाँले भन्नुभयो, "त्यसैले तालिमसँगै प्रविधि तथा उपकरण सहयोगमार्फत उद्यमीलाई व्यवसाय सञ्चालनमा थप सहजता पुऱ्याउने प्रयास गरिएको छ ।"

# कोरला नाका जोड्ने सडक खुलाउन ड्रोनबाट इन्धन ढुवानी गरिँदै

पोखरापत्र संवाददाता
म्याग्दी, १९ असोज

पछिल्लो एक सातादेखि अवरुद्ध कोरला नाका जोड्ने बेनी-जोमसोम-कोरला सडक मर्मतका लागि ड्रोनबाट इन्धन ढुवानी गरिएको छ । हाल चीनसँग सञ्चालनमा रहेको एक मात्र व्यापारिक नाका पनि वर्षाका कारण बेनी-जोमसोम-कोरला क्षतिग्रस्त भएपछि स्तरोन्नतिका लागि ड्रोनबाट इन्धन ढुवानी गरिएको हो ।

सडक मर्मतमा प्रयोग भएका उपकरणका लागि इन्धन अभाव भएपछि नेपाली सेनाको सहयोगमा आज ड्रोनबाट डिजेल ढुवानी गरिएको हो । रघुगङ्गा गाउँपालिका-२ कुनौटामा कालीगण्डकी नदीको बाढीले करिब २५० मिटर सडक कटान गरेको छ । सडक कटानपछि पैदल आवतजावतसमेत कठिन बनेको छ । बेनी-जोमसोम-कोरला सडक आयोजनाका प्रमुख तेजस्वी शर्माका अनुसार बेनीबाट सवारीसाधनमा कुनौटासम्म लगिएको डिजेल ड्रोनको सहायताले कटान क्षेत्र पार गराइएको हो । "मानिसले बोकेर लैजान सम्भव नभएपछि ड्रोनको प्रयोग गरेका हौँ", उहाँले भन्नुभयो, "छ पटकको उडानबाट ४०० लिटर डिजेल कटान क्षेत्र पार गराइएको छ ।" उहाँका अनुसार कुनौटाबाट सेनाको टोलीले डिजेल अन्नपूर्ण गाउँपालिकाको केन्द्र पोखरेबगरसम्म पुऱ्याएको छ ।

शत्रुभञ्जन गुल्मका सेनानी राकेश बस्नेतले काठमाडौँबाट आएका प्राविधिक जनशक्तिको सहयोगमा ड्रोनमार्फत डिजेल ढुवानी गरिएको बताउनुभयो । कुनौटामा एक पटकमा १२० लिटरका दरले डिजेल ढुवानी गरिएको उहाँले जानकारी दिनुभयो ।

सेनाले यसअघि रसुवामा बाढीबाट प्रभावित क्षेत्रमा राहत सामग्री ढुवानी गर्न पनि ड्रोन प्रयोग गरेको थियो । रघुगङ्गा-३ तिल्केनीचौरबाट बैसर ीसम्म डिजेल ढुवानी गर्न शनिबार पनि नेपाली सेना र स्वयंसेवकले सहयोग गरेका थिए । कालीगण्डकीको बाढी र कटानबाट क्षतिग्रस्त सडक मर्मतमा करिब २० वटा डोजर र सयौँ मजदुर परिचालन भएका छन् ।

पोखरेबगर, रातोपानी, घिरच्याङ, महभिर, भिरकाटे, राहुपारे र तिल्केनीचौरमा सडक मर्मतभइरहेकोआयोजनाप्रमुखशर्माले उल्लेख गर्नुभयो । "पोखरेबगर सडक पुलको पहुँचमार्गसमेत मर्मत भइरहेको छ। सडक विभाग र निर्माण कम्पनीले अवरुद्ध सडक खुलाउन समानान्तर रूपमा काम गरिरहेका छन्", उहाँले भन्नुभयो । पर्वतको मालढुङ्गाबाट चीनको सीमावर्ती कोरला नाकासम्म सडकको दूरी २०२ किलोमिटर छ । म्याग्दीको कुनौटा-पोखरेबगर क्षेत्रमा करिब १२ किमी सडक मर्मत गर्न बाँकी छ । अन्य स्थानमा मर्मतपछि एकतर्फी रूपमा हलुका सवारीसाधन सञ्चालन हुन थालेका छन् ।

सङ्घीय सडक सुपरीवेक्षण कार्यालय पोखराका प्रमुख नरेन्द्र सुवेदीले यसै साताभित्र सडक मर्मत सम्पन्न गर्ने लक्ष्यसहित काम भइरहेको बताउनुभयो । रसुवा र तातोपानी नाका बन्द रहेकाले चीनसँगको व्यापारका लागि कोरला नाका महत्त्वपूर्ण बनेको उहाँले बताउनुभयो ।

कोरला नाका जोड्ने सडकलाई छिटो सञ्चालनमा ल्याउन सरकारले उच्च प्राथमिकताका साथ काम गरिरहेको उहाँको भनाइ छ । मुस्ताङको स्याउ बजार पठाउने समय पनि सुरु भएको छ । दसैं-तिहारका लागि भेडाच्याङ्ग्रा बजार झार्ने समय नजिकिएको छ । पर्यटकीय याममसमेत सुरु भएकाले बेनी-जोमसोम सडक छिटो सञ्चालनमा ल्याउन दबाब बढेको छ ।

# बाढी पीडितलाई खाना पकाउने ग्यास वितरण

पोखरापत्र संवाददाता
पर्वत, १९ असोज

भारी वर्षाका कारण कालीगण्डकीको बाढीले घरबार बिहीन बनेका पर्वत जलजला गाउँपालिका-८ बासिन्दालाई खाना पकाउने एलपी ग्यास वितरण गरिएको छ ।

गण्डकी प्रदेशका बाढी तथा पहिरो प्रभावित समुदायका लागि आपतकालीन मानविय प्रतिकार्य परियोजनाअन्तर्गत खाद्यान्न तथा गैर खाद्यान्न सामग्री वितरण गरिएको हो । गैरसरकारी संस्था स्टार फण्ड नेपाल तथा युकेएड र किडाक नेपालको समन्वयमा पूर्ण रुपमा विस्थापित ३० परिवारलाई ग्याँस वितरण गरिएको हो । ग्याससँगै चामल, खाने तेल, दाल, नुन पनि वितरण गरियो । टेण्टमा बस्दै परिवारलाई खाना पकाउन दाउराको अभाव भएपछि ग्यास वितरण गरिएको हो । खाद्यान्न तथा अन्य आवश्यक सामग्री विभिन्न संस्थाले वितरण गरेको भए पनि पकाएर खान समस्या भएको गुनासो पछि ग्यास वितरण गरिएको गैरसरकारी संस्था सोर्डेक नेपालका अध्यक्ष देवीप्रसाद तिमिल्सिनाले जानकारी दिनुभयो । तिमिल्सिनाका अनुसार पहिलो चरणमा पीडित परिवारलाई ग्यास र खाद्यान्नलगायत सामग्री वितरण गरिएको छ । लत्ताकपडा, भाडाकुँडा, स्वास्थ्य सामग्री तथा पुनःस्थापनाका लागि आवश्यक परेमा जस्ता पाता वितरण गरिने उहाँले बताउनुभयो । घरबारविहीन भए पनि उनीहरुको दैनिक जीवनयापनमा कुनै असहज नहोस् भनी विभिन्न दातृ निकायको सहयोगमा राहत तथा पुनःस्थापनामा जोड दिइएको उहाँको भनाइ छ ।

यही असोज ८ देखि ११ गतेसम्मको वर्षापछि बाढी तथा पहिरोबाट बढी मात्रामा प्रभावित पर्वत, बागलुङ र मनाङमा उक्त परियोजना लागू हुने भएको छ । तीन जिल्लाका झण्डै एक हजार ५०० परिवारलाई आपतकालीन मानवीय प्रतिकार्यमा सहयोग गरिनेछ ।

उक्त योजनाका लागि रु तीन करोडभन्दा बढी रकम खर्चिने भएको छ । बाढी प्रभावित समुदायको माग र आवश्यकताको आधारमा खाद्यान्न तथा गैर खाद्यान्नका सामग्री वितरण गरिने सोडेक नेपालका महासचिव टङ्कलाल भुसालले जानकारी दिनुभयो । आजदेखि पर्वतका अन्य क्षेत्र तथा बागलुङ र मनाङमा समेत सामग्री वितरणको कार्यक्रम रहेको भुसालको भनाइ छ । कालीगण्डकीको बाढीका कारण फर्से गाउँकामात्रै ७० घरपरिवार विस्थापित बनेका छन् । अहिले उनिहरु बस्तीभन्दा माथिको पाखोमा अस्थायी टेण्ट टाँगेर बस्दै आएका छन् ।

## बिल लिने र दिने बानी बसालौं

- बिल–बीजक उपभोक्ता अधिकारको सुरक्षा हो,
- प्रत्येक खरिद, बिक्रीमा बिल–विजकलाई खरिदको प्रमाणका रूपमा सुरक्षित राखौं,
- म्याद नाघेका, गुणस्तरहीन वा लेबल नभएका वस्तु खरिद, विक्री नगरौं,
- वस्तु तथा सेवाको मूल्य, गुणस्तर, परिमाण र उत्पादन मिति जाँच गरेर मात्र खरिद गरौं,
- अनुचित मूल्यवृद्धि, ठगी वा कालोबजारी भएमा सम्बन्धित निकायमा जानकारी गराऔं,
- जिम्मेवार उपभोक्ता र इमानदार व्यवसायी मिलेर स्वच्छ बजार निर्माण गरौं ।

सचेत उपभोक्ता बनौं, स्वच्छ र पारदर्शी बजार निर्माणमा सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# हिउँ छिचोल्दै एक हजार भेडाच्याङ्ग्रा मुस्ताङ आइपुगे

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १९ असोज

दसैं पर्व नजिकिएसँगै मुस्ताङमा भेडाच्याङ्ग्राको व्यापारिक चहलपहल सुरु भएको छ । यसै क्रममा मुस्ताङको जोमसोममा माथिल्लो डोल्पाबाट भेडाच्याङ्ग्राका बथान आइपुगेका छन् ।

उपल्लो मुस्ताङबाट भने शनिबारसम्म भेडाच्याङ्ग्रा जोमसोम आइपुग्ने बताइएको छ । आफ्ना पाँच सहकर्मीसहित करिब एक हजारभन्दा बढी भेडाच्याङ्ग्रा शनिबार साँझ जोमसोम आइपुगेको डोल्पाका व्यापारी शेरबहादुर रोकायाले जानकारी दिनुभयो ।

डोल्पाबाट जोमसोम आइपुग्न रोकायालाई एक साताभन्दा बढी समय लागेको छ । उहाँले विगत ३० वर्षदेखि च्याङ्ग्राको व्यापार गर्दै आएको जानकारी दिनुभयो । यसपटक हिउँ छिचोल्दै जोखिमपूर्ण यात्रा गरेर च्याङ्ग्रा जोमसोम ल्याएको उहाँको भनाइ छ। डोल्पो बुद्ध गाउँपालिकाबाट यही असोज ९ गते जोमसोमतर्फ प्रस्थान गर्नुभएका रोकाया यही असोज १७ गते साँझ जोमसोम आइपुग्नुभएको हो । हाल भेडाच्याङ्ग्रा जोमसोमको घरपझोङ गाउँपालिकास्थित सार्वजनिक मैदानमा राखिएको छ ।

रोकायाका अनुसार डोल्पाबाट मुस्ताङ आउने बाटोमा सेताम्मे हिउँ जमेको थियो । भारी वर्षा र हिमपातका कारण मुस्ताङ-डोल्पा जोड्ने पदमार्गमा निकै कठिन भएको उहाँले बताउनुभयो ।

माथिल्लो डोल्पाका डोल्पो बुद्ध, से-फोक्सुन्डो र छार्कातासोङ गाउँपालिकाका किसानबाट च्याङ्ग्रा खरिद गरी जोमसोम ल्याएको रोकायाले बताउनुभयो । नेपाल-चीन सीमा क्षेत्रमा लाग्ने चोङ्ग्रा मेला बन्द भएकाले यसपटक डोल्पामै च्याङ्ग्रा खरिद गर्नुपरेको उहाँको भनाइ छ । डोल्पाबाट यसपटक करिब आठ हजारभन्दा बढी भेडा च्याङ्ग्रा जोमसोम ल्याउने तयारी भइरहेको उहाँले जानकारी दिनुभयो । सेताम्मे हिउँ, अत्यधिक चिसो र जोखिमपूर्ण बाटो छिचोल्दै रोकायासहितको टोली च्याङ्ग्रा लिएर जोमसोम आइपुगेको हो ।

गत वर्ष दसैंका बेला व्यापारमा आंशिक घाटा व्यहोरे पनि यसपटक च्याङ्ग्रामा ठूलो लगानी गरेको रोकायाले बताउनुभयो ।

च्याङ्ग्रा व्यापारी शेरबहादुर रोकायाका अनुसार गत वर्षको तुलनामा यस वर्ष डोल्पाबाट कम सङ्ख्यामा च्याङ्ग्रा जोमसोम झरिरहेका छन् । गत वर्ष ११ हजार बढी च्याङ्ग्रा डोल्पाबाट मुस्ताङ ल्याइएको थियो ।

बाढीपहिरोका कारण सडक तथा पदमार्ग अवरुद्ध भएमा च्याङ्ग्रा पोखरा लैजान थप समस्या हुने व्यापारी रोकायाले बताउनुभयो । "हाम्रो सबै सम्पत्ति च्याङ्ग्रामै लगानी भएको छ । दसैंका बेला डोल्पा फर्कने बाटो पनि सरकारले समयमै सहज बनाइदिए राम्रो हुन्थ्यो", उहाँले भन्नुभयो ।

# बाढी पहिरोले म्याग्दीका साढे पाँच सय घरपरिवार प्रभावित

**पोखरापत्र संवाददाता**
म्याग्दी, १९ असोज

यही असोज ८ देखि ११ गतेसम्मको निरन्तरको झरीपछिको बाढी पहिरोले म्याग्दीका करिब ५५० घरपरिवार प्रभावित भएका छन् ।

एक सय ११ घरमा पूर्ण, ९३ मा आंशिक क्षति र ३४२ घर जोखिममा परेका जिल्ला प्रशासन कार्यालयले जनाएको छ। सहायक प्रमुख जिल्ला अधिकारी कुलप्रसाद आचार्यका अनुसार सबैभन्दा बढी अन्नपूर्ण गाउँपालिकामा ४५ घर पूर्ण, १२ घरमा आंशिक क्षति र १८३ घर जोखिममा परेका छन् । बेनी नगरपालिकामा ३० घरमा पूर्ण, १४ मा आंशिक र ४५ घर जोखिममा परेका छन् । मङ्गला गाउँपालिकामा २३ घरमा पूर्ण, ३२ मा आंशिक क्षति र ३५ घर जोखिममा परेका सहायक प्रजिअ आचार्यले बताउनुभयो । यसैगरी, रघुगङ्गा गाउँपालिकामा छ घर पूर्ण, २७ आंशिक र ५३ घर जोखिममा परेका छन् । मालिका गाउँपालिकामा तीन घरमा पूर्ण, एकमा आंशिक क्षति र तीन घर जोखिममा परेका छन् । धवलागिरि गाउँपालिकामा चार घरमा पूर्ण, सातमा आंशिक क्षति र २३ घर जोखिममा परेका छन् । ५६ वटा गोठ भत्किएर, पुरिएर क्षति पुग्दा २० पशुचौपाया मरेका छन् । अन्नपूर्ण गाउँपालिकाको गिवाङ, पाउद्धार, किन्दु, घिरवाङका ११५ जना पहिरो प्रभावितलाई उद्धार गरेर शिख र घारको अस्थायी शिविरमा राखिएको छ । विस्थापितहरूलाई सडक यातायात अवरुद्ध भएकाले बेनीदेखि हेलिकप्टरमार्फत राहत सामग्री ढुवानी गरेर उपलब्ध गराइएको छ । अन्नपूर्ण गाउँपालिकामा पाँच र मालिका गाउँपालिकामा दुई जनाको पहिरोमा परी मृत्यु भएको छ । बेनी नगरपालिका र अन्नपूर्ण गाउँपालिकामा एक/एक जना बेपत्ता भएका छन् । पहिरोले सडक, खानेपानी, नदी नियन्त्रण, विद्यालय भवन, सार्वजनिक भवन, पदमार्ग, सिँचाइ, कृषि, पशुपक्षीलगायत क्षेत्रमा पुगेको क्षतिको विवरण सङ्कलन भइरहेको छ । पूर्ण विवरण सङ्कलन हुदाँसम्म क्षतिको सङ्ख्या बढ्ने प्रशासनको भनाइ छ ।

## एउटै व्यक्ति भएको सूचना



तनहुँ जिल्ला साविक भानुमती गा.वि.स. वडा नं. ७ हाल शुक्लागण्डकी नगरपालिका वडा नं. ४ बस्ने भारतीय भु.पु.सै.नं. ५४४६४८७ दर्जा लेस हवल्दार पल्टन ४/५ जि. आर. का तिल बहादुर थापाको निवेदन अनुसार निजको श्रीमतीले प्राप्त गरेको नेपाली नागरीकता प्रमाण पत्रमा निजको श्रीमतीको नामथर लालु श्रेष्ठ र जन्म मिति २०१५/०७/२६ भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको श्रीमतीको नामथर लाल माया थापा र जन्म मिति १९५८/११/११ उल्लेख भई निजको श्रीमतीको नामथर तथा जन्म मिति फरक फरक देखिएतापनि व्यक्ति एउटै भएको भनि भारतीय पेन्सन क्याम्प पोखरालाई सिफारिस गरि दिनु हुन भनि शुक्लागण्डकी नगरपालिका ४ नं वडा कार्यालयको च.नं. ३२५ मिति २०७४/०८/१० गतेको पत्रबाट सिफारिस भई आएकोले सोही व्यहोरा सिफारिस गरिन्छ ।

**जिल्ला प्रशासन कार्यालय तनहुँ**

## एउटै व्यक्ति भएको सूचना



प्रस्तुत विषयमा कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं.-२२ (साविक पुम्दी भुम्दी गा.वि.स. वडा नं.-६) निवासी भारतीय भू.पू. सै.नं. ५७५१५०६H का नायक हेमन्त कुमार गुरुङको माग निवेदन अनुसार निजको श्रीमतीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर सुनिता गुरुङ (Sunita Gurung) र जन्ममिति वि.सं. २०३२।०४।३१ (ई.सं. १९७५।०८।१६) उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको श्रमितीको नामथर SUNITA KUMARI GURUNG र जन्ममिति ई.सं. १९७४।०९।२३ उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक जन्ममिति र नामथर भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका २२ नं. वा कार्यालयको च.नं. ३५० मिति २०८३।०४।२८ को सिफारिस पत्रबाट लेखी आएकोले सोही व्यहोरा सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**गण्डकी प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
## मातृशिशु मितेरी प्रादेशिक अस्पताल
**कास्की, पोखरा**

## सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशन मिति २०८३/०६/२० गते

प्रस्तुत विषयमा यस अस्पतालबाट विभिन्न मितिमा प्रकाशित सूचना अनुसार यस अस्पतालमा चमेनागृह सञ्चालनको लागि सिलबन्दी दराभाउपत्र आव्हान गरिएकोमा मूल्याङ्कन गर्दा न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही तपशिल बमोजिमका दरभाउदाताले पेश गरेको दरभाउपत्र स्विकृतीको लागि छनौट भएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) र ३ प्रयोजनार्थ सबै बोलपत्रदाताहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल:

| क्र.स | सिलबन्दी दरभाउ पत्रको बिबरण | ठेक्काको नाम | छनौट भएको बोलपत्रदाता | कैफियत |
|---|---|---|---|---|
| १. | मातृशिशु मितेरी प्रादेशिक अस्पतालमा चमेनागृह सञ्चालन | चमेनागृह सञ्चालन | एम.एस.सी मल्टिप्रपोज प्रा. लि. पोखरा १० कास्की | |

प्रमुख मेडिकल सुपरिटेन्डेन्ट

## अचल सम्पति धितो लिलाम बढाबढ गर्ने बारे ७ दिने अत्यन्त जरूरी सूचना

**चौथो पटक प्रकाशित मिति २०८३/०६/२० (पोखरापत्र राष्ट्रिय दैनिक)**

यस फेवा बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट तपशिलमा उल्लेखित सदस्यले अचल सम्पति धितो सुरक्षण राखि ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा, व्याज एवम् अन्य दै-दस्तुर रकम समयभित्र नतिरी, नबुझाई यस संस्था सँग गर्नु भएको शर्त सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक तथा लिखित प्रत्यक्ष भेटघाट गरी जानकारी गराउँदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरि आफुले तिर्नु बुझाउनु पर्ने रकम नबुझाई बसेको साथै यस भन्दा अगाडि पहिलो पटक मिति २०८१/०६/१५ गते ऋण चुक्ता गर्न आउने बारे ३५ (पैत्तिस) दिने सूचना पोखरापत्र राष्ट्रिय दैनिक, दोस्रो पटक मिति २०८१/०७/२१ गते सोहि ब्यहोराको १५ (पन्ध्र) दिने सूचना समाधान राष्ट्रिय दैनिक र तेस्रो पटक मिति २०८१/०८/०६ गते सोहि ब्यहोराको ७ दिने सूचना पोखरापत्र राष्ट्रिय दैनिकबाट सूचना प्रकाशित गरी सम्पूर्ण ऋणको सावाँ, ब्याज र अन्य दै-दस्तुर चुक्ता गर्न अनुरोध गर्दा ऋण चुक्ता नगरी बस्नु भएको हुँदा मिति २०८२/०३/२४ गते अचल सम्पति धितो लिलाम डाँक बढाबढ गर्ने बारे ३५ दिने पहिलो पटक सूचना आर्दश समाज राष्ट्रिय दैनिक पत्रिकामा, दोस्रो पटक सोहि व्यहोराको मिति २०८३/०४/१९ गते पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित तेस्रो पटक मिति २०८३/०५/२९ पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको तर कुनैपनि व्यक्तिको निवेदन नपरेको हुनाले पुनः यो सूचना प्रकाशित गरिएको छ यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र हालसम्मको साँवा व्याज, समेतको रकम दाखिला गर्नुहोला अन्यथा सूचना प्रकाशित भएको मितिले ८ औं दिन धितो जे जस्तो अवस्थामा रहेको छ सोही अवस्थामा लिलाम बिक्री गर्न लागिएको हुँदा लिलाम बढाबढ गरी लिन ईच्छुक महानुभवहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । धितो जमानत दिनुहुने ऋणी तथा व्यक्तिगत जमानत समेतलाई सुरक्षणमा रहेको तपशिलको धितो लिलामा बिक्री गरिने बारेको जानकारी यसै सूचनाद्धारा गराइन्छ । धितो लेखिदिएको सम्पति लिलाम बिक्री गर्दा यस संस्थाबाट गरिएको मूल्याङ्कन रकम भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई संस्थाले कम मूल्यमा लिलाम बिक्री गऱ्यो भनी कही कतै उजुर बाजुर गर्न पाउनु हुनेछैन । साथै सुरक्षणमा रहेको सम्पति लिलाम बिक्री गर्दा पनि संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा सहकारी ऐन २०७४, नियमावली २०७५, संस्थाको विनियम २०७२, ऋण नीति २०७९ तथा प्रचलित कानुन बमोजिम ऋणी स्वयम् र व्यक्तिगत धनजमानतकर्ताहरुको एवम् निजहरुको एकाघरको समेतको नाममा रहेको अन्य चल अचल सम्पतिहरुबाट धितोले नखामेको वक्यौता ऋण रकम असुलउपर गरिने छ । उल्लेखित मितिमा बोलपत्र एवम् लिलाम बढाबढ हुन नसकेमा संस्था आफैले पनि उक्त धितो सकार गरिलिन सकिनेछ । **तपसिल**

| ऋणीको फोटो | ऋणी सदस्यको विवरण | जमानीको फोटो | जमानीको विवरण |
|---|---|---|---|
|  | सदस्यता नं. : ८०१<br>१. **नाम : लाल बहादुर गुरुङ**<br>जन्म मिति : २०११/०३/०३<br>ना.प्र.नं. : ३४०<br>जारी मितिः : २०३७/०३/०३<br>बाबु /पत्नी : धनराज गुरुङ<br>बाजे/ससुरा : पर्त सि गुरुङ<br>ठेगाना : खिलुङ देउराली-६, स्याङ्जा<br>हाल : पोखरा-१०, कास्की<br>सम्पर्क नं : ९८५६०२६६४७ | <br> | १. **नाम : देउकुमारी गुरुङ**<br>जन्म मिति : २०१५/०४/१२<br>ना.प्र.नं. : ४९०६<br>जारी मितिः : २०४५/०१/०६<br>बाबु /पत्नी : लाल बहादुर गुरुङ<br>बाजे/ससुरा : धनराज गुरुङ<br>ठेगाना : खिलुङ देउराली ६ स्याङ्जा<br>हाल : पोखरा-१० कास्की<br>सम्पर्क नं : ९८०४१२७२१६<br>१. **नाम : धन बहादुर गुरुङ**<br>जन्म मिति : २०३७/११/०५<br>ना.प्र.नं. : ५३३७४<br>जारी मिति : २०५६र०५र०३<br>बाबु/पत्नी : लाल बहादुर गुरुङ<br>बाजे/ससुरा : धनराज गुरुङ<br>ठेगाना : खिलुङ देउराली-६ स्याङ्जा<br>हाल : पोखरा-१० कास्की<br>सम्पर्क नं : ९८१६६५२९११ |

**धितो विवरणः** लाल बहादुर गुरुङको नाममा मालपोत कार्यलय कास्की र तनँहुमा दर्ता श्रेस्ता कायम रहेको रुपाकोट-१ कास्की कि न.२९२३, २९२१ क्षेत्रफल ०-३-२-०, ०-२-२-२ रोपनी, फराकचौर-५ ख तनहुँ कि.न.७१९, क्षेत्रफल १-१२-०-२ रोपनी केशबटार ६ क तनहुँ कि.न.३०८, क्षेत्रफल ५-८-०-० रोपनी

**लिलाम बिक्री तथा बोलपत्र सम्बन्धी अन्य शर्त बन्देजहरु :**

१. लिलाममा अन्तिम पटक सबैभन्दा बढी रकम कबोल गर्ने वा बोलपत्रमा आफुले लेखेको वा बोलेको अंकको १० प्रतिशतले हुने रकम सोही दिन कार्यालय समयमा वा निर्णय हुँदा कार्यालय समय समाप्त भएमा सो दिनको भोलिपल्ट यस संस्थामा बुझाउनु पर्ने छ ।
२. लिलाम सकार गर्ने ब्यक्तिले सहकारी संस्थाबाट लिलाम निश्चितताको सूचना पाएको ७ दिनभित्र बाँकी रकम बुझाई अचल सम्पति बुझि लिनु पर्ने छ । नलिएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत भई संस्थाको आम्दानी हिसाबमा बाधिने छ ।
३. उल्लेखित सम्पती लिइसकेपछि सो को सम्पूर्ण जवाफदेही स्वयम् खरिदकर्ताको हुनेछ । धनी संस्थासँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाइने छैन ।
४. लिलाम सकार गर्ने ब्यक्तिले सकार गरेको मूल्यको १० प्रतिशत रकम सोहि दिन वा सो को भोलीपल्ट नबुझाएमा निज पछि सबैभन्दा बढि रकम बोल्ने ब्यक्तिको नाममा लिलाम सदर गरिनेछ ।
५. तोकिएको दिन बिदा परेमा सोको भोलिपल्ट लिलाम बढाबढ गर्ने काम हुनेछ ।
६. लिलाम बढाबढ गर्दा सबैभन्दा बढि अंक बोल्ने ब्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने लिलाम गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
७. लिलाम बिक्री हुने सम्पत्तिको सम्बन्धित कागजपत्रहरु हेर्न चाहनु हुने महानुभाबहरुले यस संस्थाको प्रधान कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नुहुनेछ । उक्त सम्पत्ती जहाँ जे जस्तो अवस्थामा र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ ।
८. सूचना प्रकाशित भएको मितिले ८औं दिन संस्थाको प्रधान कार्यलयमा दिनको ठिक २:३० बजे लिलाम बढाबढ हुनेछ ।
९. धितो लिलाम सकार गर्न संस्थाबाट रु १०००/ तिरी लिलाम फारम रितपूर्वक भरि संस्थामा बुझाउनु पर्नेछ ।
१०. उक्त लिलाममा राखेको सम्पतीको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर रजिष्ट्रेसन दस्तुर सम्पती कर स्थानीय कर र धारा विजुलीको शुल्क (बाँकी वक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नुपर्नेछ ।
११. लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्च ऋणी स्वमूले ब्यर्होनु पर्नेछ ।
१२. सहकारी ऐन, संस्थाको विनियम तथा ऋण लगानी तथा असुली नीति अनुसार लिलाम बिक्री गर्नुपर्ने जायजेथा लिलाम बिक्री गर्दा कसैले नसकारेमा प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी यस संस्थाले उक्त सम्पतिको स्वामित्व आफुले लिन सक्नेछ ।
१३. संस्थामा सुरक्षण स्वरुप रहेको धितोबाट सम्पूर्ण ऋण असुल उपर नभएमा ऋणी तथा धन जमानीको नाममा रहेको अन्य चल अचल सम्पति घर घरानाबाट समेत असुल उपर गरिनेछ साथै निजको एकाघरको नाममा रहेको चलअचल सम्पति रोक्का राखी सोबाट समेत असुल उपर गरिनेछ ।
१४. अन्य सर्तहरु बोलपत्र वा लिलाम बढाबढ फाराममा उल्लेख गरे बमोजिम हुनेछ साथै अन्य बिषयहरुमा सहकारी ऐन २०७४ अनुसार बनेका नियमावली, संस्थाको विनियमको अधिनमा रही सञ्चालक समितिको निर्णय अनुसार हुनेछ ।
१५. बोलपत्र सदर बदर हुनु अगाबै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्ध गरी धरौटी रकम फिर्ता दिइने छ । धरौटी रहेको रकम फिर्ता गर्नुपर्दा ब्याज प्रदान गरीने छैन ।

**फेवा बचत तथा ऋण सहकारी संस्था लि.**
**प्रधान कार्यालयः पोखरा-५, जिरो कि. मि.**
**फोनः ०६१-५७३३७५, ५७२२३६**